# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड ३ बुटवल, बैशाख ३१ गते, २०७६ साल संख्या २**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

**निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पोसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ (प्रथम संशोधन)**

यस बुटवल उप-महानगरपालिकाको "निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पोसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५" लाई संशोधन गर्न आवश्यक भएकोले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पोसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ (प्रथम संशोधन**) रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**कार्यविधि**" भन्नाले निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन, ओसार पोसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ सम्झनु पर्छ ।

३. **कार्यविधिको दफा ४.१.५ पछि देहाय दफा ४.१.६ थप गरिएको छ ।**

**४.१.६ दफा** ४.१ को उपदफा ४.१.१ र ४.१.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको अवस्थामा देहाय बमोजिम एकमुष्ट शुल्क लिइनेछ ।

क) बिक्रीको उद्देश्य नराखि कृषि प्रयोजनका लागि आफ्नै जग्गाको एकै कित्ताबाट उत्खनन गरी सोही कित्ताको अर्को भाग पूर्न वा सम्याउन, आफ्नै कित्तासँगै जोडिएको आफ्नै अर्को कित्ता पूर्न, सम्याउन वा आफ्नै कित्ताबाट सोही वडाको आफ्नै अर्को कित्ताको जग्गा पूर्न वा सम्याउन सम्बन्धित वडाको सिफारिस र सोही वडाबाट अनुगमन गर्ने गरी तथा छिमेक साँध सधियारलाई प्रतिकुल असर नपर्ने गरी १०,०००।- घनफुटसम्मको परिमाणमा एक मुष्ट रु. ५,०००।- शुल्क लिई अनुमति दिन सकिनेछ । सो भन्दा बढी परिमाणमा भने दफा ४.१.१ र ४.१.२ बमोजिम शुल्क लाग्ने छ ।

**४. कार्यविधिको दफा ४.३ पछि देहाय दफा ४.३ क थप गरिएको छ ।**

**४.३ क** "यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भए तापनि सार्वजनिक हितको लागि यस उप-महानगरपालिकाको स्वीकृत नीति कार्यक्रम बमोजिम आर्थिक, सामाजिक र पर्यटकीय विकासको उद्देश्यले सार्वजनिक वा सरकारी प्रति जग्गामा निर्माण हुने ताल, पोखरी, पार्क, कुलो, नहर आदी निर्माण गर्दा र सफा गर्दा निस्कने माटोलाई यसै कार्यविधि बमोजिम लाग्ने शुल्कमा २५% थप गरी शुल्क लिई सोझै इच्छुक व्यक्ति वा संघ संस्था, कम्पनीलाई विक्री बितरण गर्न बाधा पर्ने छैन ।"

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७६/०१/३१

**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**